फो.नं.: ०२१-४७०१६६, ४७०१८९
फ्याक्स नं. : ०२१-४७०१६१
email: ocmcm1@gmail.com

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कोशी प्रदेश, विराटनगर, नेपाल

प.सं. २०७९/०८०
च.नं. १५१५

मितिः २०७९/१२/२६ गते

विषयः सचिव वैठकको निर्णय कार्यान्वयन वारे।

श्री प्रदेश सभा सचिवालय,
श्री प्रदेश मन्त्रालयहरु सवै,
श्री प्रदेश लोक सेवा आयोग,
श्री प्रदेश योजना आयोग,
कोशी प्रदेश, विराटनगर ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव श्रीमान् डा. दिपक काफ्लेज्यूको अध्यक्षतामा मिति २०७९।१२।२४ गते वसेको सचिवस्तरीय वैठकको निर्णयहरु पाना-१(एक) यसै पत्रसाथ संलग्न राखी आवश्यक कार्यान्वयनको लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

सादर अवगतार्थ
माननीय मुख्यमन्त्रीज्यू, कोशी प्रदेश।

(पुरुषोत्तम ढकाल)
उपसचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

बैठक संख्याः १६/०७९
मितिः २०७९।१२।२४

## निर्णयहरु

### निर्णय नं. १

प्रदेशको कार्यक्षेत्र भित्र पर्ने विषयहरुमा विषयगत प्रदेश नीति निर्माण तथा परिमार्जन गर्ने सम्बन्धित मन्त्रालयले आवश्यक कार्यहरु अघी बढाउने ।

### निर्णय नं. २

विषयगत ऐन, नियम तथा कार्यगत, नीतिगत र कानूनी व्यवस्थाका लागि नयाँ कानूनको प्रस्ताव वा मौजुदा व्यवस्थामा आवश्यक सुधारका लागि विषयगत मन्त्रालयहरुले आवश्यक कार्य प्रक्रिया अघी बढाउने ।

### निर्णय नं. ३

वार्षिक कार्यक्रम अनुसारको कार्यप्रगति प्राप्त गर्ने गरी चालु आर्थिक वर्षका कार्यक्रमहरु बजेट व्यवस्थापनको परिधि भित्र रहेर सिघ्रतापूर्वक कार्यान्वयन व्यवस्था मिलाउने ।

### निर्णय नं. ४

मन्त्रालय तथा निकायहरुले आफ्नो कार्यक्षेत्रभित्रका निकायहरुमा रहेको वेरुजु फछ्यौंट गर्ने कार्यलाई प्राथमिकतामा राखि कार्यसम्पादन गर्ने । प्रत्येक प्रदेश सचिव बैठकमा वेरुजु फछ्यौंटको प्रगति समेत समिक्षा गर्ने ।

### निर्णय नं. ५

मन्त्रालयहरुको संख्या मिलान भएसँगै मन्त्रालय र अन्तरगतका निकायहरुको पुनरसंरचना गर्नुपर्ने भएकोले आ-आफ्नो निकायको संगठन संरचना व्यवस्थापन सम्बन्धी कार्य अघी बढाउने ।

### निर्णय नं. ६

सम्बन्धित मन्त्रालयबाट मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्नु अघी उक्त विषयमा सम्बन्धित प्रदेश सचिवले प्रमुख सचिवसँग छलफल गर्ने कार्यलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्ने ।

२०७९/१२/२४

प्रमुख सचिव